# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लो-घेकर दामोदरकुण्ड गाउँपालिका
## मुस्ताङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लो-घेकर दामोदरकुण्ड गाउँपालिका

## मुस्ताङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लो-घेकर दामोदरकुण्ड गाउँपालिका

## मुस्ताङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आ. व. २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)


प.सं. २०८०।८१
च.नं. ५९

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

लो-घेकर दामोदरकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मुस्ताङ ।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. १ करोड २० लाख २४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. ६१ लाख ३० हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु असूल गर्नुपर्ने रु. ११ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.२० लाख १६ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.२७ लाख ७० हजार समेत गरी यस वर्ष रु.५८ लाख ९५ हजार बेरुजु कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २ करोड ७ लाख ६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२ करोड ६६ लाख १ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग

हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

लो-घेकर दामोदरकुण्ड गाउँपालिका,
मुस्ताङ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्योट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४२ | २९ | १२०२४ | ० | ४ | ६१३० | ० | ४२ | २५ | ५८९५ | ११०८ | २०१६ | २७७० | ० | ० | ४७८६ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्योट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लो-घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ | २०७०६ | ० | ० | २०७०६ | ० | ५८९५ | २६६०१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३६.३ | शर्त सहितको पेस्की जमानत | ६०००००० |
| २ | ०७९।०८० | ५० | फोटोकपी बिल | १२९७३९ |
| | चालु वर्षको जम्मा | | | ६१२९७३९ |
| | गत विगत वर्षतर्फको | | | ० |
| कुल जम्मा | | | | ६१२९७३९ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय -**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा, २४ सभा सदस्य रहेको छ भने क्षेत्रफल १,३७६ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या १ हजार २९२ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -**लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२२ देखि २०८०।५।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू

सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको गत वर्षको अ.ल्या. तर्फ रु. २,५४,४०,३४४।३१, संघीय सरकार अनुदानतर्फ रु.१६,७६,२२,११६।००, प्रदेश सरकार अनुदानतर्फ रु १,४३,२२,८८४।००, राजश्व बाडँफाडतर्फ रु.३,८०,५९,००६।७४, आन्तरिक आयतर्फ रु. ११,२७,७९३।०० र अन्य आयतर्फ रु.३,८६,४८,२९७।८२ गरी जम्मा रु. २८,५२,२०,४४१।८७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूचीमा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणको तुलना गर्दा देहायअनुसार गत वर्षको जिम्मेवारीमा रु.२३,१४,४४२, यस वर्षको प्राप्तिमा रु.३,३४,४९,७६८, यस वर्षको भुक्तानीमा रु.६,३५,३०,५२८.१ र बैङ्क मौज्दातमा रु.२,७७,६६,३१८.१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | २३१२५९०२.३१ | २२६३३०३२९.५६ | १८६८२५६१२.१३ | ६२६३०६१९.७४ |
| एकीकृत आर्थिक विवरणअनुसार | २५४४०३४४.३१ | २५९७८००९७.५६ | २५०३५६१४०.२३ | ३४८६४३०१.६४ |
| फरक | २३१४४४२ | ३३४४९७६८ | ६३५३०५२८.१ | २७७६६३१८.१ |

३ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरू दर्ता तथा नविकरण गरेको पाईएन । पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

४ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहाय बमोजिम रहेका छन्-

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय

क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको पाइएन।
- पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आंशिक रूपमा गरेको पाइयो।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम बीस हजार भन्दा बढी मूल्यको खरिद कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग मात्र खरिद गर्नु पर्नेमा सो गरेको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

लेखापरीक्षणको क्रममा कार्यालयसँग आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यहोरामा छलफल गर्दा आगामी दिनमा मध्यकालिन तथा दिर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याईने, सार्वजनिक खरिद नियमावली बनाई लागू गरिने, मध्यकालिन खर्च संरचना तयार गरी लागू गरिने, खरिदको गुरुयोजना तयार गरेर मात्र खरिद कार्य गरिने, आयोजनाको प्राथमिकिकरण गरी आयोजना बैक खडा गरिने, दिगो विकास सँग सम्बन्धित कार्यक्रमहरू तर्जुमा भई लागू भएका छन सो कार्यकम तथा योजनालाई मध्यकालिन लक्ष्य तोकि मूल्याङकन गरिने, बिल वीजक तथा भर्पाइहरूमा कार्यालय प्रमुखबाट छाप तथा दस्तखत अंशिक रूपमा गरिएकोले आगामी दिनमा पूर्ण रूपमा सो व्यवस्थाको पालना गरिने, ठेक्का अभिलेख तथा कन्टिन्जेन्सी खाता व्यवस्थित गरिने, ठेक्का मार्फत सम्पन्न भएका योजनाहरूको गुणस्तर परीक्षण भएको छ र उपभोक्ता समितिमार्फत गर्ने कार्यमा समेत आगामी दिनमा

गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाइने, बजेट विनियोजन गरी वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गर्ने, कोटेशन तथा ठेक्काबाट खरिद भएका ठूला रकममा अनिवार्य रूपमा कर वीजक प्रयोग भएको र आगामी दिनमा सबै कारोवारमा कर वीजक प्रयोग गरिने लगायतका जवाफ प्राप्त भएको छ ।

६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

७ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत रु. २१,९०,००० प्राप्त हुने अनुमान गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१३,२७,७९३.७४ अर्थात अनुमान भन्दा ३९.३८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

८ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान (रु.) | असुली (रु.) | असुली प्रतिशत |
|---|---|---|---|
| भूमि कर | ७००००० | ३५८८०० | ५१.२५ |
| वहाल कर | १९०००० | १८९८११.३९ | ९९.९ |
| व्यवसाय कर | २३०००० | ० | ० |
| सिफारिस दस्तुर | ३००००० | १९८७२५.०४ | ६६.२४ |
| नाता प्रमाणित दस्तुर | ५०००० | ३२७०० | ६५.४ |
| व्यक्तिगत घटनादर्ता | १५०००० | २४५०० | १६.३३ |
| कृषिजन्य पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ७०००० | ६९१०० | ९८.७१ |
| अन्य दस्तुर | ५००००० | ४५४१५७.१३ | ९०.८३ |

| | | | |
|---|---|---|---|
| जम्मा | २१९०००० | १३२७७९३.५६ | ६०.६२ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

९ **राजश्व अभिलेख -** राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पूरा अभिलेख पालिकामा आएको देखिएन । यस आ.व. मा कति रसिद छपाइ गरिएको हो र अघिल्लो आ.व. को बाँकी के कति छन्, एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाई प्रयोग गर्ने जोखिम विद्यमान रहने हुँदा यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

१० **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१२ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. २४ करोड ६ लाख ९३ हजारको बजेट सभा

समक्ष पेश गरेकोमा सभाबाट सोही मितिमा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

१३ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ३९ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७ | ७ | ० | ० |
| २. | वडास्तरीय | ३२ | १२ | १५ | ५ |

उपर्युक्त विवरणअनुसार पालिकाले ३९ योजनाका लागि बजेट विनियोजन गरेकोमा रु. ५ लाख भन्दा कमका योजना ५ वटा , रु.५ देखि २० लाख सम्मका १५ वटा र रु .२० लाख भन्दा माथीका १९ वटा गरी ३९ योजना सञ्चालन गरेको देखिन्छ । कुल योजनाको ५१% रु. २० लाख भन्दा साना योजना सञ्चालनमा रहेको साथै उक्त साना योजनामध्ये आमा समूहमा फर्निचर खरिद, समाजघरको किचन निर्माण लगायतका साना र टुक्रे योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । साना र वितरणमुखी योजनामा भन्दा दीर्घकालिन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।

१४ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०,५८,२६,००० पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद गुरुयोजना र खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

रकम (रु. हजारमा)

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३४२९० | २५३६४ | १३.६२ |
| सामाजिक विकास | ५०४३८ | ४०३६८ | २१.६८ |
| पूर्वाधार विकास | १००५०० | ७६६२१ | ४१.१६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२५१७ | ९७६७ | ५.२५ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ५२५१८ | ३४०५१ | १८.२९ |
| जम्मा | २५०२६३ | १८६१७१ | |

उपर्युक्त विवरण अनुसार कुल खर्चमध्ये पुर्वाधार विकास क्षेत्रमा सबैभन्दा बढी ४१.१६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ५.२५ प्रतिशत खर्च रहेको छ । एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

१६ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.११,२७,७९३.५६ राजस्व बाँडफाँडबाट रु.३,८०,५९,००६।०० र अनुदानबाट रु.७,२५,१६,२४१ समेत रु.११,१७,०३,०४० आम्दानी भएकोमा चालुतर्फ रु.३,४७,०४,२०७.०३ र पुँजीगततर्फ रु.७,३१,९२,७८५ समेत रु.१०,७८,९६,९९२.०३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आय हिस्सा १.०४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. ६०,९३,५६५ खर्च भएको छ जुन आन्तरिक आयको ५४०.३० प्रतिशत रहेको छ । त्यसैगरी पालिकाले यस वर्ष कुल खर्चको १८.२९ प्रतिशत कार्य सञ्चालन तथा प्रशासनिक शीर्षकमा खर्च गरेको छ । यस्तो प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१७ **त्रैमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रकम (रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १०५८२६ | १९३३७ | ५८२९ | ९०३५ | ७१६२५ | ७१६२३ |
| प्रतिशत | | १८.२८ | ५.५ | ८.५४ | ६७.६८ | ६७.६७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१०,५८,२६,००० खर्चमध्ये प्रथम त्रैमासिकमा रु. १,९३,३७,००० (१८.२८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.५८,२९,००० (५.५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.९०,३५,००० (८.५४ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ७,१६,२५,००० (६७.६८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७,१६,२३,००० (६७.६७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी नियममा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

१८ **जिन्सीतर्फ** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छन्ः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

१९ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१,००,५२,९९९।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२,२१,३८,९०६।०० गरी रु.३,२१,९१,९०५।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण भएको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२० **घटी जिम्मेवारी** - पालिकाले गत वर्षको मौज्दात यकिन गरी यस आर्थिक वर्षमा यथार्थ जिम्मेवारी सार्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२,५४,५६,७८८.८३ मौज्दात रहेकोमा यो वर्ष रु.२,५४,४०,३४४.३१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१६,४४४.५२ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,४४४ |

२१ **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यविधि तयार गरी वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु. १० लाख ट्रान्सफर गरेको छ ।

२२ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२३ **सार्वजनिक सुनुवाई** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२४ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | ३ | २ |

दरबन्दी अनुसारको पदहरू रिक्त हुँदा प्राविधिक तथा अन्य विषयगत जनशक्तिद्धारा वडा सचिव सहित दोहोरो जिम्मेवारी निर्वाह गरी सेवा प्रवाह गरेको विद्यमान अवस्था देखिन्छ। रिक्त पदहरूको पदपूर्ति गर्नु पर्दछ ।

२५ **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्न बमोजिम सेवा प्रवाह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन तथा पालिकाबाट निर्मित ऐन, कानुन बमोजिम सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्दछ ।

| विवरण | जम्मा |
|---|---|
| नागरिकता सिफारिस | ११५ |
| घरबाटो सिफारिस | २९ |
| नाता प्रमाणित | १२६ |
| जन्म, मृत्यु दर्ता | १२७ |

| | |
|---|---|
| अन्य | ८१५ |

२६ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम ५ मा पेश्की फर्स्यौटको व्यवस्था छ । पालिकाले देहाय बमोजिम म्याद ननाघेको पेश्कीको लगत उपलब्ध गराएको छ । उक्त पेश्की नियमानुसार फर्स्यौट हुनुपर्दछ ।

| क्र.सं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनी | रकम रु. |
|---|---|---|---|---|
| १ | २०७९।४।१ | घारा गुम्बा निर्माण | ओं बुद्ध सन्त जेभी | ४५००००० |
| २ | २०७९।१२।१० | घमी ढाक्मर एक घर एक खानेपानी आयोजना | ईच्छाकामना कन्स्ट्रकसन एण्ड बिल्डर्स | २६००००० |
| ३ | २०७९।४।१ | घमी गुम्बा निर्माण | घमी गुम्बा निर्माण क्रमागत उ स | ९००००० |
| ४ | २०७९।४।१ | यारा खानेपानी मर्मत | यारा खानेपानी मर्मत उ स | ६००००० |
| ५ | २०७९।१२।१४ | चराङ खोला पर्खाल निर्माण उ स | चराङ खेत पर्खाल निर्माण क्रमागत उ स | ७००००० |

२७ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)अनुसूचीमा संलग्न रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२८ **कानुन निर्माण तथा राजपत्रमा प्रकाशन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, १२ वटा कार्यविधि लगायत २० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै पालिकाले १८ वटा कानुनहरू निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२९ **प्रशासनिक संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई

ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५ जना पदपूर्ती भएको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत लगायतका १० पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको देखिन्छ । तसर्थ रिक्त पदहरू समयमै पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३० **समयमै राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । वडाबाट संकलित आम्दानीको हकमा जाडोको समयमा कम राजस्व संकलन भएको भनि महिना दिनसम्म ढिला बैङ्क दाखिला गरेको हुँदा समयमै राजस्व दाखिला गर्न सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ।

३१ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा विभिन्न स्थानमा बाटो मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५२ जनालाई रोजगारी उपलव्ध गराई रु. ३६,८७,००० खर्च गरेको छ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालिन रोजगारी सृजना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३२ **स्याउमा खेती कार्यक्रममा बढी भुक्तानी** - कृषि डायरी २०७९ अनुसार स्याउको प्रतिबेर्ना दर रु. ७०।०० रहेको छ । स्याउ खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ अनुसार कृषकहरू छनोट गरी ५० प्रतिशत अनुदानमा स्याउ खेती विस्तार कार्यक्रममा कृषकले स्याउ प्रतिबेर्ना रु. ३०० को दरले खरिद गरेको बिल पेश गरेको आधारमा कृषि फर्मलाई भुक्तानी गरिएको छ । तर प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रममा भने ५० प्रतिशत अनुदानमा स्याउ पकेट कार्यक्रम सञ्चालन बापत तेन्जिन कृषि तथा पशुपालन फर्मले शितोष्ण बागवानी विकास केन्द्र, मार्फा मुस्ताङबाट ५५० स्याउका बिरुवा प्रतिबेर्ना ७० को दरले खरीद गरेको देखिएको छ। एउटै जातको स्याउको विरुवा खरिदमा बढी दर राखी देहाय बमोजिमका कृषि फर्मले व्यावसायिक प्रकृतिका फर्मबाट प्रति बिरुवा रु.३०० को दरले खरिद गरेकोले प्रति बिरुवा रु. २३० दरले बढी भुक्तानी भएको देखिन्छ । दररेट भन्दा बढी भुक्तानी दिएको अनुदानको ५० प्रतिशत रकम सम्बन्धितबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| क्र.सं. | फर्मको नाम | परिमाण | प्रतिबेर्नामा फरक | बढी भुक्तानी | ५० प्रतिशत अनुदान |
|---|---|---|---|---|---|
| १ | ढुमा कृषि तथा पशुपन्छि पालन फर्म | १६५ | २३० | ३७९५० | १८९७५ |
| २ | यागा कृषि समुह | १२०० | २३० | २७६००० | १३८००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ढि व्यावसायिक स्याउ फर्म | ३०० | २३० | ६९००० | ३४५०० |
| ४ | कर्मा उद्यमी कृषि तथा पशुपन्छि पालन फर्म | १२०० | २३० | २७६००० | १३८००० |
| ५ | लुम्बिनी कृषि तथा पशुपन्छि पालन फर्म | २५० | २३० | ५७५०० | २८७५० |
| ६ | धाय स्याउ फर्म | १५० | २३० | ३४५०० | १७२५० |
| ७ | खाङ्छेमा कृषि तथा पशुपन्छि पालन फर्म | २५० | २३० | ५७५०० | २८७५० |
| ८ | न्हुर्बु कृषि तथा पशुपन्छि पालन फर्म | ११०० | २३० | २५३००० | १२६५०० |
| ९ | डारुङ कृषि तथा पशुपन्छि पालन फर्म | २७० | २३० | ६२१०० | ३१०५० |
| जम्मा | | | | | ५६१७७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६१,७७५ |

३३ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।यस वर्ष पालिकाले सामाजिक सुरक्षा तर्फ रु. १,००,५२,९९९ खर्च गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमनको व्यवस्था रहेको छ । सो बमोजिम पालिकाले लाभग्राहीले पाउनु पर्ने भत्ता रकम अन्य व्यक्तिले लिए नलिएको, कसैले दोहोरो हुने गरी र लाभग्राही मृतक भई बैंक खातामा बाँकी रहेको रकमको फिर्ता भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । जस्ले गर्दा सामाजिक सुरक्षा भत्ता रकमको दुरूपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनु पर्दछ ।

**पारदर्शिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(१) बमोजिम स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था , गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतको सञ्चार माध्यमहरूबाट प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको कार्य गरेक पाईएन । कार्यालयले कार्यविधिको पूर्ण पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम कार्यविधि, २०७७ को दफा ३४ बमोजिम स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयको सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गरेको पाइएन । कार्यविधिको व्यवस्था पालना गरी सामाजिक सुरक्षा सम्बन्धी विषयको सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

३४ **दररेट कायम गर्ने सम्बन्धमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा जिल्ला दररेट निर्धारण समितिको व्यवस्था गरिएको छ। जसअनुसार जिल्ला भरी निर्धारित दररेटमा निर्माण सामाग्री लगायतका विभिन्न कार्यक्रमका लागि आवश्यक सामाग्रीहरू खरिद गर्न सकिने देखिन्छ। कृषि कार्यक्रमको सम्बन्धमा खासगरी कृषि उपकरणहरू मिनि टिलर, फलफुल तथा तरकारीहरू (स्याउ, आलु लगायतका) को दररेट कायम नभएकोले एउटै सामाग्रीलाई कृषकले फरक फरक मूल्यमा खरिद गरिएको हुँदा पालिकामा आवश्यक सामाग्रीको दर कायम गर्नुपर्दछ ।

३५ **शिक्षक दरबन्दी र पदपूति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८ सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री चराङ आ.वि. | १ | १ | ० | १० |
| २ | श्री मराङ आ. वि. | १ | १ | १ | १४ |
| ३ | श्री घमी आ.वि. | ४ | ४ | ४ | ९८ |
| ४ | श्री ढाक्मर आ.वि | १ | १ | ० | ७ |
| ५ | श्री जनज्योति आ.वि. | ६ | ६ | ३ | ९५ |
| ६ | श्री यारा आ.वि. | १ | १ | १ | ६ |
| ७ | श्री घारा आ. वि. | १ | १ | ० | ४ |
| ८ | श्री शालिग्राम आ.वि. | १ | १ | ० | २ |

३६ **एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत ५ सैयाको अस्पताल -** एकीकृत स्वास्थ्य कार्यक्रम अन्तर्गत ठेक्का न LGDRM/NCB/W/०२/७८/७९) ५ सैय्याको आधारभूत अस्पताल निर्माणको लागि निर्माण व्यवसायी श्री डाँफे सन्त जे.भि. सँग मिति २०८१।०३।२० मा सम्पन्न गर्ने गरी २०७८।१२।२८ मा मु.अ. कर सहित रु.८,७८,२८,०४५।४१ मा ठेक्का सम्झौतामा भएकोमा आ.व. २०७९/८० सम्ममा रु.२,२६,३८,०००।०० भुक्तानी भएको छ । उक्त ठेक्का सम्झौतामा देखिएका व्यहोराहरू निम्नानुसार छ :

३६.१ **(Rate analysis) मा सामान ढुवानी दर बढी प्रयोग -** सामाग्री खरिद तथा निर्माण कार्यको लागत अनुमान तयार गर्दा आ ब २०७८।७९ को लागि मुस्ताङ्ग जिल्लाको लागि स्वीकृत दररेट अनुसार लागत अनुमान तयार गर्नु पर्दछ । गाउँपालिकाले तयार गरेको लागत अनुमानको दररेट विश्लेषण (Rate analysis) मा सामान ढुवानी गर्दा प्रति किलोमिटर रु.१.८४ बढी दर समावेश गरी लागत अनुमान तयार गरी सोको आधार ठेक्का व्यवस्थापन गरेको देखियो । लागत अनुमान भन्दा बढी दररेट कबोल भएको PCCm२० को कङ्क्रिट काममा सिमेन्टको ढुवानीमा जिल्ला दररेट भन्दा प्रति के.जी प्र.ति कि.मि. रु. १.८४ का दरले बढी प्रयोग हुँदा ४०० के.जि. परिमाणको रु. १.८४ दरले प्रयोग भएको ढुवानी दर ले बढी दर रु. ५५४।४१ ले हुन आउने रु.४,०८,०४५।०० मध्ये हाल सम्मको बिलबाट भएको रु.१,३६,१९६।०० बढी भुक्तानी रकम असुल गर्नु गर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६,१९६ |

३६.२ **कार्यतालिका अद्यावधिक -** गाउँपालिका एवं निर्माण व्यवसायी बीच भएको ठेक्का सम्झौता को General Condition of Contract (GCC ) को दफा ३४.३ मा प्रत्येक ६० दिनमा समय कार्य तालिका अद्यावधिक गर्नु पर्ने तथा समय तालिका अद्यावधिक नगरेमा रु. १ लाख रकम भुक्तानीमा कट्टी गर्नु पर्ने व्यवस्था छ । निर्माण व्यवसायी बाट अद्यावधिक कार्यतालिका पेश भएको नदेखिएको हुँदा सम्झौतामा उल्लेखित व्यवस्था अनुरूप निर्माण व्यवसायी बाट रु १ लाख असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

३६.३ **शर्त सहितको पेस्की जमानत -**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु. ६०,००,००० सम्परीक्षण गरिएको ।)***

३६.४ **गुणस्तर व्यवस्थापन -** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वतता योजना पेश गरेको छैन । पेश गरेको योजनाको पालना गरेको छैन । सिलबन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन । निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन । गुणस्तर व्यवस्थापनमा गाउँपालिकाको कमजोर प्राथमिकताका कारण निर्मित संरचनाहरूको गुणस्तरीयतामा विश्वस्त हुने आधार छैन ।

३७ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

३८ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २१.८ देखि २६.३७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण अनुसुचीमा उल्लेख छ

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३९ **औषधी खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं, उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट रु.९,९५,६००।०० को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रूपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

४० **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजश्व सम्बन्धी सफ्टवेयर नविकरण गरी रु.९७,१८०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

४१ **परामर्श तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| भौचर नं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्यनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| २३४ | चराङ गुम्वा स्कुल पर्खाल निर्माण | दियालो इन्जिनियरिङ कन्सलटेन्सी | ५ लाख | ४९४१६२ | ४९९५८५९६ |
| ८० | चराङखोला झोलुङ्गेपुल निर्माण | बडिमालिका टेक्निकल्स प्रालि | ५ लाख | ४९७८२५ | |
| १२९ | चराङ गाउँभित्रको सडक निर्माण | एप्साइलन कन्सल्टिङ एण्ड डेभलपर्स प्रालि | ५ लाख | ४९४३९० | ७३१५२१९१ |
| १८२ | ताङ्ग्या सिँचाइ कूलो निर्माण | एग्री इन्जिनियरिङ सोलुसन एण्ड कन्सट्रक्सन प्रालि | ५ लाख | ४९७३१३ | ३७७२८००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४२ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४३ **संघीय विशेष अनुदानतर्फ -** घामी ढाकमार खानेपानी योजनामा पालिका र निर्माण व्यवसायी ईच्छाकामना कन्स्ट्रक्सन बिल्डर्स बिच भएको घामी एक घर एक खानेपानी धारा योजना अन्तर्गत मिति २०७९।११।१२ को सम्झौता अनुसार मिति २०८१।३।१५ मा सम्पन्न गर्ने गरी रु. २,६३,००,०००।०० सम्झौता भएको देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीको नियम ९२ बमोजिमको व्यवस्था अनुसारको पेस्की जमानत बापत निर्माण व्यवसायीले पेश गरेको प्रभु बैंक अमरसिङ्ग शाखाको (Ref no P११००१A०२३२७९० ) सहित मिति २०७९।१२।१० मा जारी भएको रु.२६,३०,०००।०० को पेस्की जमानतमा शर्त उल्लेख गरिएको देखिन्छ । उक्त शर्तमा प्रभु बैङ्कको अमरसिङ्ग पोखरा शाखाको खाता नं. ११००१५३२९६२०००१७ मा रकम जम्मा भएमा बैङ्कले जारी गरेको उक्त पेश्की जमानत मान्य हुने उल्लेख भएकोमा पेश्की बापतको रकम उक्त खातामा जम्मा नभई फरक खाता नं. ११००१५३३८०५०००१६ मा जम्मा भएको देखिन आएको

हुँदा उक्त पेश्की जमानत मान्य देखिदैन । पालिकाले निर्माण व्यवसायीबाट शर्त रहितको पेश्की जमानत प्राप्त गर्नु पर्दछ ।

| प्रमाण पेश नगरेको | २६,३०,००० |
|---|---|

४४ **सिँचाई कुलोमा बढी भुक्तानी -** सिँचाइ विभागको २००२ को नर्म्स अनुसार सिँचाई कुलो निर्माणको दर विश्लेषण गरी सोही अनुरूप भुक्तानी गर्नुपर्दछ । पालिकाले सिँचाइ कुलोमा फर्माको दर विश्लेषण गर्दा भवनको विम र कोलममा प्रयोग हुने फर्माको नर्म्स अनुसार दर विश्लेषण गरी भुक्तानी दिँदा भवनको निर्देशिका प्रयोग गरी देहायबमोजिम बढी भुक्तानी भएको पाइयो । दुई निकायबाट जारी भएको निर्देशिका अनुसार कम दर प्रयोग गर्नु पर्नेमा महङ्गो नर्म्स दर प्रयोग भएको हुँदा बढी व्यभार परेको रकम अनियमित देखिएको रु.

| भौ.नं. | उपभोक्ता समिति | प्रयोग गर्नुपर्ने दर | प्रयोग दर | बढी दर | परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ६८ | मराङ सिन्चाई कुलो निर्माण | ८३१ | ९५७ | १२६ | १७१ | २१५४६ |
| ९७ | चराङ गाउँभित्र बाटो तथा कुलो निर्माण | ८३१ | ९५७ | १२६ | ३६८ | ४६३६८ |
| संघीय ससर्त २५२ | मराङ उद्यमी कृषक समूह | ८३१ | ९५७ | १२६ | ६४ | ८०६४ |
| जम्मा | | | | | | ७५९७८ |

| अनियमित भएको | ७५,९७८ |
|---|---|

४५ **फर्मामा बढी भुक्तानी -** पालिकाले आर्थिक वर्ष २०७९।८० को लागि भवनमा प्रयोग हुने फर्माको प्रतिवर्गमिटर दर रु. ९५७।०० कायम गरेको छ । ध्ये थाङजुङ समाज घर निर्माणका लागि भौचर नं. ११३।२०८०।३।२४ बाट बिम फर्माको लागि भुक्तानी दिँदा प्रतिवर्गमिटर दर रु. १२४९।०० राखी सोही अनुरूप भुक्तानी दिएको पाइयो । २४० वर्गमिटरको प्रतिवर्गमिटर बढी दर रु.२९२।०० कायम गरी रु.७०,०८०।०० बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ७०,०८० |
|---|---|

४६ **प्रोभिजनल सम -** निर्माण व्यवसायीलाई प्रोभिजनल समको (ल्याव टेष्ट, बिमा) रकम भुक्तानी दिँदा ल्याव टेष्ट तथा बीमा गरेको सक्कलै बिजक पेश गरी सकेपश्चात मात्र भुक्तानी दिनुपर्दछ । पालिकाले देहायका निर्माण व्यवसायीलाई उक्त रकम भुक्तानी दिँदा बिल संलग्न नराखी, तथा घटी बिल राखी भुक्तानी दिएको पाइएकोले देहाय बमोजिमको बिल पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौ.नं. | ठेक्का | निर्माण व्यवसायी | विवरण | रकम |
|---|---|---|---|---|
| ५।२०८०।३।१९ | घमी ढाक्मर मराङ चराङ मोटरबाटो ग्राभेल | के यु एस कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि | बीमाको रु ५०००० भुक्तानी दिएकोमा रु १८७९६ को मात्र विल पेश भएको | ३१२०४ |
| | | | ल्यावटेष्टको विल पेश नभएको | २०००० |
| | | | प्रोजेक्ट वोर्ड | १०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,२०४ |

४७ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू देहाय बमोजिम रहेका छन् :

| भौ.नं. | उपभोक्ता समिति | निर्माण भएको जटिल संरचना | कार्यसम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १० | माने आमा समूह भवन निर्माण उ स | भवन | १०६९५५० | ९७०००० |
| १५ | यारा सामुदायिक भवन निर्माण | भवन | ४३४१८४३ | ३८८०००० |

४८ **हेवी इक्वीपमेन्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू देहाय बमोजिम रहेका छन । नियमावलीको ब्यबस्था अनुरूप कार्य गराउनुपर्दछ ।

| भौ.नं. | उपभोक्ता समिति | कार्यसम्पन्न रकम | हेभी इक्वीपमेन्टमा भएको खर्च |
|---|---|---|---|
| ११७ | घमी स्याउवारी निर्माण क्रमागत | १०९८१३९ | ३८९००२ |

४९ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५० **फोटोकपी बिल -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका उपभोक्ता समितिलाई भुक्तानी दिँदा फोटोकपी विल संलग्न गरी भुक्तानी दिएको पाइएकोले सक्कल विल पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| भौ.नं. | उपभोक्ता समिति | आपूर्तक | बीजक नं. | रकम |
|---|---|---|---|---|
| १०९ | चराङ युवाक्लव सामग्री खरिद | न्यू भिजन एडभाइजर्स एण्ड विजनेस ट्रेडिङ प्रालि | १८९ | ४२०३७ |
| | | एस आर एन ट्रेड कन्सर्न | ३३७ | २०४९० |
| जम्मा | | | | ६२५२७ |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा सन्दिप ट्रेडर्स को रु.५८,४८२ ,खाडादेवी इम्पेक्स को रु.१९,५०६ र संगम कलर हाउस को रु. ५१,७५१ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६२,५२७ |

५१ **ग्याविन वर्क्समा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्दछ । पालिकाले भौचर नं. १३।२०७९।६।८ बाट गाउँपालिकामा पूल मर्मत उपभोक्ता समितिलाई ग्याविन वक्स खरिद गर्ने र भर्ने कामको लागि रु.१७,९४,५००।०० भुक्तानी दिएको छ । स्रेस्ता संलग्न विल परीक्षण गर्दा २*१*१ को ८० थान , ३*१*१ को ११ थान र १.५*१*१ को ३० थान गरी जम्मा २३८ घनमिटर जाली खरिद गरेको पाइयो । भुक्तानी दिँदा जाली खरिद र ढुङ्गा भर्ने सहितको २३८ घनमिटरको प्रतिघनमिटर दर रु. ५,३४७ ले जम्मा रु.१२,७२,५८६।०० भुक्तानी दिनुपर्नेमा २५१ घनमिटरको रु.१३,४२,१६७।०० भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.६९,५८१।०० र थप

४१ घनमिटर जालीमा ढुङ्गा भर्ने कामको लागि प्रतिघनमिटर दर रु.३,०९० को जम्मा रु. १,२६,६९०।०० गरी बढी भुक्तानी दिएको रकम रु.१,९६,२७१।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९६,२७१ |

५२ **बढी दरमा भुक्तानी -** पालिकाले आर्थिक वर्ष २०७९।८० को लागि पि सि सि १:१.५:३ को प्रति घनमिटर दर रु.२५,८८४।०० कायम गरेको छ । भौचर नं. २०।२०७९।८।२४ बाट घमी पुल मर्मत उपभोक्ता समितिलाई भुक्तानी दिँदा प्रति घनमिटर दर रु.२६,०९६।०० राखी भुक्तानी दिएको पाइयो । प्रति घनमिटर दर रु.२१२ को दरले १५.६५ घनमिटरको रु ३३१८ बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३१८ |

५३ **बढी भुक्तानी -** पालिकाले आर्थिक वर्ष २०७९।८० को लागि एन्गल आइरन पोष्ट(५० एम एम*५० एम एम *५ एम एम)को मूल्य अभिवृद्धि कर सहितको प्रति किलोग्राम दर रु. १७२।००(ट्रान्सपोर्टेसन बाहेक) कायम गरेको छ । ताङग्या स्याउबारीमा तारजाली निर्माण उपभोक्ता समितिलाई भौचर नं २५।२०७९।१२।१० बाट उक्त कार्यको भुक्तानी दिँदा प्रतिकेजी दर रु. १८०।०० कायम गरी दर विश्लेषण गरी सोही अनुरूप भुक्तानी दिदा २२७१ किलोग्रामको प्रतिकिलोग्राम दर रु. ८।०० ले रु. १८,१६८।०० बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,१६८ |

५४ **फरक सामग्रीको प्रयोग -** पालिकाले आर्थिक वर्ष २०७८।७९(गत वर्षको भुक्तानी) का लागि OPC सिमेन्टको मूल्य अभिवृद्धि कर सहितको प्रतिवोरा दर रु ८७५।०० र PPC सिमेन्टको प्रतिवोरा दर रु. ७६२।०० कायम गरेको छ । OPC सिमेन्ट प्रयोग गर्ने गरी दर विश्लेषण गरि सोही अनुसार भौचर नं २०।२०७९।८।२४ घमीपुल मर्मत उपभोक्ता समितिलाई भुक्तानी दिएतापनि उपभोक्ता समितिले खरिद गरेका विल भर्पाइ परीक्षण गर्दा PPC सिमेन्टको प्रयोग भएको पाइयो । यसरी फरक सिमेन्टको प्रयोग गर्दा प्रतिवोरा बढी दर रु. ११३।०० ले २०० बोराको रु.२२,६००।०० भुक्तानी दिएको असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,६०० |

५५ **उपभोक्ता समितिमार्फत खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सामान खरिद गर्न सक्ने व्यवस्था रहेको देखिदैन । पालिकाले देहायका सामानहरू खरिद गर्नका लागि मात्र उपभोक्ता समिति गठन गरी सोही समितिमार्फत खरिद गरी सोही समितिलाई भुक्तानी गरेको पाइयो । तसर्थ उपभोक्ता समितिमार्फत खरिद गर्न मिल्ने नदेखिएको रु.

| भौ.नं | उपभोक्ता समिति | खरिद सामग्री | कार्यसम्पन्न | भुक्तानी |
|---|---|---|---|---|
| ८८ | घिलिङ समाज घरमा फर्निचर निर्माण | फर्निचर | १०७४८३३ | ९७०००० |

| | | | | |
|---|---|---|---|---|
| १०९ | चराङ युवा क्लव सामग्री खरिद | फर्निचर,खेलकुद सामग्रि र किचन सामग्री | १०९६५८७ | ९७०००० |

| | |
|---|---|
| अनियमित भएको | १९,४०,००० |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक वर्षः** २०७९/८०

**कार्यालय र स्थान :** लो-घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विशाल भण्डारी | २०८०-५-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bibek Mahato | २०७९-८-२१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१०८,४०८ | २,०१५,९७८ | ८,८९९,९१४ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | | | | | १२,०२४,३०० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६,१२९,७३९ |
| **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | | | | | ५,८९४,५६१ |

आर्थिक कारोबारको स्थिति :

| गत वर्षको जिम्मेवारी | | २५४४०३४४.३१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १६७६२२११६ | चालु खर्च | ११६३१९१२९.२ |
| प्रदेश सरकारबाट अनुदान | १४३२२८८४ | पुँजीगत खर्च | १३३१९८५२७ |
| राजश्व बाँडफाँट | ३८०५९००६.७४ | वित्तीय/अन्य व्यवस्था | ८३८४८४.० |
| आन्तरिक आय | ११२७७९३.० | | |
| अन्य आय | ३८६४८२९७.८२ | | |
| कुल आय | २५९७८००९७.५६ | कुल खर्च | २५०३५६१४०.२ |
| बाँकी मौज्दात | | ३४८६४३०१.६७ | |

## बेरूजु दफा २७ सँग सम्बन्धित विवरण - अनुसूची -२

| क्र.सं. | आयतर्फ | रकम | क्र.सं. | व्ययतर्फ | रकम |
|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | १ | गाउँपालिका खर्च | |
| | क)अल्या रकम सञ्चितकोष | १९१३१०५५.३१ | | क) चालु | ३४७०४२०७.०३ |
| | ख) धरौटी | ३९९२४४७ | | ख) पुँजिगत | ७३१९२७८५ |
| | ग) प्रकोप व्यवस्थापन कोष | २३१२७०५ | २ | संघीय सरकारको खर्च | |
| | घ) विविध खर्च खाता | ११३७ | | क) संघीय सशर्त चालु खर्च | ३९९०५००९.१ |
| | ङ) विविध कोष खाता | ३००० | | ख) संघीय सशर्त पुँजिगत खर्च | २५४२४३० |
| २ | यस वर्षको आन्तरिक आय | | | ग) संघीय समपुरक | ४०००००० |
| | क)आन्तरिक आय | ११२७७९३.५६ | | घ) संघीय विशेष अनुदान | २०२९०६४७ |
| ३ | संघीय सरकारबाट हस्तान्तरण अनुदान | | ३ | प्रदेश सरकारको खर्च | |
| | क) वित्तीयसमानिकरण अनुदान | ६९२२७११६ | | क) प्रदेशसमपुरक अनुदान | ७१३०७५९ |
| | ख) सशर्तअनुदान चालु र पुँजिगत | ६६०९५००० | | ख) प्रदेश सशर्त अनुदान | ३९०३००० |
| | ग) समपुरकअनुदान | ४०००००० | ४ | अन्तर्सरकारी हस्तान्तरण | |
| | घ) विशेष अनुदान | २८३००००० | | क) सामाजिक सुरक्षा | १००५२९९९ |
| ४ | राजश्वबाडँफाडँबाट प्राप्त | | | ख) एकीकृत स्वास्थ्य पुर्वाधार | २२१३८९०६ |
| | क) संघियसरकारवाट | ३५३९०१८८.७४ | ५ | फिर्ता रकम | |
| | ख) प्रदेशसरकारबाट | २६६८८१८ | | क)संघीय सरकार | ३१६५६९१४.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | प्रदेश सरकारबाट हस्तान्तरण | | ६ | स्रेस्ता अनुसारको विविध खातामा खर्च | |
| | क)समानिकरण अनुदान | ३२८९१२५ | | धरौटी खाता | ७१५५६९ |
| | ख)सशर्त अनुदान | ३९०३००० | | विविध खर्च खाता | १२२९१५ |
| | ग)समपुरक अनुदान | ७१३०७५९ | | विपद व्यवस्थापन खाता | ० |
| ६ | अन्तर्सरकारी हस्तान्तरण अनुदान | | | प्रकोप व्यवस्थापन खाता | ० |
| | क) सामाजिक सुरक्षा | १००५२९९९ | | कोलेनिका विविध खर्च खाता | ० |
| | ख) एकीकृत स्वास्थ्य पुर्वाधार | २२१३८९०६ | | विविध कोष खाता | ० |
| ७ | यस वर्षको विविध खातामा प्राप्त आय | | ७ | मौज्दात रकम स्रेस्ता अनुसारको खाता | |
| | क)धरौटी रकम | ४८३०४७९.२६ | | सँचित कोष खाता | २२९३७१०४.३८ |
| | ख) स्थानीय तह आकस्मिक कोष | १३३०५ | | धरौटि खाता | ८१०७३५७.२६ |
| | ग) विविध कोष खाता | १०००००० | | विविध खर्च खाता | ४९०८३० |
| | घ) विविध खर्च खाता | ६१२६०८ | | प्रकोप व्यवस्थापन कोष खाता | २३१२७०५ |
| | | | | विविध कोष खाता | १००३००० |
| | | | | स्थानीय तह आकस्मिक कोष | १३३०५ |
| | कुल जम्मा | २८५२२०४४१.८७ | | कुल जम्मा | २८५२२०४४१.८७ |

**बेरूजु दफा ३८ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कन्स्ट्रक्सन अफ घमि ढाक्मा मोटरेबल ब्रिज | LGDRM/NCB/W/०५/०७९/८० | लाङ्बुचे कोरोला कन्स्ट्रक्सन प्रा लि | ७२५२३३८.४३ | ५३१३०३३.५ | २६.७४ |
| २ | घमि ढाक्मर, मराङ , चराङ ग्रेभल रोड | LGDRM/NCB/RW/०२/०७९/८० | के यु स कन्स्ट्रक्सन एण्ड प्रा लि | ५०२९१७५.४३ | ३९३३२७७.४ | २१.८ |
| ३ | धे खोला नदि नियन्त्रण आयोजना | LGDRM/NCB/W/०३/०७९/८० | के यु स कन्स्ट्रक्सन एण्ड प्रा लि | १००३८११७.९३ | ७३९०६८४.४३ | २६.३७ |
| ४ | गमि ढाक्मर एक घर एक धारा खानेपानी योजना | LGDRM/NCB/RWS/०४/०७९/८० | ईच्छा कामना कन्स्ट्रकस्न ऐण्ड बिल्डर्स | १९९९१०००.९७ | १४८७३७५३.८८ | २५.६ |
| ५ | घमि ढाक्मर मोटरेबल ब्रिज कन्स्ट्रक्सन वर्क | LGDRM/NCB/RWS/०१/०७९/८० | बाँनिया निर्माण सेवा | १०१६७४७३.१२ | ८११४८८१.०५ | २०.१८ |